


लेखन Edward Hughes
चित्र Byron Unger; Lazarus
अनुवाद B.K. Shrestha
संयोजन M. Maillot; Tammy S.

Story 3 of 60

**M1914.org**

**Bible for Children, PO Box 3, Winnipeg MB R3C 2G1 Canada**

अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।






















नोआ र जलप्रलय

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

उत्पत्ति ६-१०

मा पाइन्छ

“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ ।”
भजनसंग्रह ११९:१३०

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ । पापको सजाय मृत्यु हो ।

परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि हाम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो । त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्ग फर्किजानुभयो ! अब परमेश्वरले हाम्रा पापहरू क्षमा गर्न सक्नुहुन्छ ।

यदि तिमी आफ्ना पापहरूदेखि फर्किआउन चाहन्छौ भने परमेश्वरलाई यसो भनः प्यारो परमेश्वर, प्रभु येशू मेरो निम्ति मर्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु । कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ । तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस् । आमेन । यूहन्ना ३:१६

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर !

नेपाली Nepali


जलप्रलय आउनेछ र पृथ्वीलाई ढाक्नेछ भनी परमेश्वरले नोआलाई चेताउनी दिनुभयो । “तेरो परिवार र धेरै जनावरहरू अटाउने गरी काठको एउटा ठूलो जहाज बना,” नोआलाई आदेश दिइयो ।
3
परमेश्वरले नोआलाई ठीकठीक निर्देशनहरू दिनुभयो । अनि नोआ त्यही काममा व्यस्त भए !
4
नोआले त्यो जहाज बनाउनुको कारण व्याख्या गर्दा मानिसहरूले खिसी गरे होलान् । तर नोआले
बनाउन छोडेनन् । तिनले मानिसहरूलाई परमेश्वरको बारेमा पनि बताइरहे तर कसैले पनि सुनेन ।
5
नोआको विश्वास अति ठूलो थियो । पहिला कहिल्यै पानी नपरेको भए पनि तिनले परमेश्वरमाथि विश्वास गरे ।
6
छिट्टै नै जहाज सरसामान राख्नको निम्ति तयार भयो ।
7
अब जनावरहरू भित्र आए । परमेश्वरले कुनै जातिका सातवटा त कुनैका दुईवटा जनावर भित्र ल्याउनुभयो । ठूला र साना चराहरू, होचा र अग्ला जनावरहरू त्यो जहाजभित्र आए ।
8
नोआले जनावरहरूलाई जहाजभित्र राख्दा मानिसहरूले चर्को स्वरमा तिनको निन्दा गरे होलान् ।
9
तिनीहरूले परमेश्वरविरुद्ध पाप गर्न छोडेनन् । तिनीहरू जहाजभित्र आउन मानेनन् ।
10
अन्त्यमा सबै जनावरहरू र चराहरू जहाजभित्र आए । “जहाजभित्र आऊ,” परमेश्वरले नोआलाई बोलाउनुभयो । “तिमी र तिम्रा परिवार ।”
11
नोआ, तिनकी श्रीमती, तिनका तीनजना छोराहरू र तिनीहरूका श्रीमतीहरू जहाजभित्र आए । त्यसपछि परमेश्वरले जहाजको ढोका थुनिदिनुभयो !
12
त्यसपछि पानी पर्‍यो । पृथ्वीमा चालीस दिन र चालीस रात मुसलधारे पानी वर्षियो ।
13
सहर र गाउँहरू डुबे । पानी रोकिँदा पहाडहरूसमेत डुबेका थिए । स्वास फेर्ने हरेक जीव मर्‍यो ।
14
पानी बढ्दै जाँदा जहाज तैरियो । भित्र अँध्यारो थियो होला, जहाज हल्लियो होला र डरलाग्दो अवस्था आयो होला । तर त्यो जहाजले नोआलाई जलप्रलयदेखि जोगायो ।
15
पाँच महिनासम्म बाढी आएपछि परमेश्वरले सुक्खा बनाउने बतास पठाइदिनुभयो । बिस्तारै त्यो जहाज आरारात पहाडमाथि अडियो । नोआ पानीको सतह नघटेसम्म अझै चालीस दिन जहाजभित्रै बसे ।
16
नोआले एउटा काग र एउटा ढुकुरलाई जहाजको झ्यालबाट बाहिर पठाए । बस्नको लागि सुक्खा सफा ठाउँ नपाएर ढुकुर नोआकहाँ फर्केर आयो ।
17
एक हप्तापछि नोआले फेरि ढुकुरलाई पठाए । चुच्चोमा जैतुनको मुना लिएर ढुकुर फर्किआयो । अर्को हप्ता ढुकुर फर्केर आएन, त्यसैले पृथ्वी सुक्खा भएको कुरा नोआले थाहा पाए ।
18